# सम्पत्ति विवरण दाखिला गर्ने सम्बन्धमा

# सम्पत्ति छानबिन आयोग, २०८३ द्वारा जारी गरिएको

# सार्वजनिक सूचना!

## सूचना नं. १

नेपाल सरकारबाट पहिलो चरणमा आ.व. २०६२/६३ देखि आ.व. २०८२/८३ चैत्र मसान्तसम्मको अवधिमा सार्वजनिक पदधारण गरेका र उक्त अवधिमा बहाल रही हाल जुनसुकै किसिमले सेवाबाट अवकाश भईसकेका राजनीतिक पदाधिकारी, कर्मचारी तथा निजहरूका परिवारसमेतका नाममा स्वदेश तथा विदेशमा रहेको सम्पत्ति विवरण सङ्कलन र छानबिन गरी प्रतिवेदन पेश गर्ने प्रयोजनको लागि सम्पत्ति छानबिन आयोग, २०८३ गठन भएको कुरा सबैमा विदितै छ । उक्त आयोगले मिति २०८३।०१।१० गते ठमेल स्थित केशर पुस्तकालय रहेको भवनमा कार्यालय खडा गरी कार्य सञ्चालन गरिआएको छ। नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट नेपाल राजपत्र खण्ड ७६, मिति २०८३।०१।०२ मा प्रकाशित पूर्व अतिरिक्ताङ्क १ र २०८३।०१।१४ मा प्रकाशित अतिरिक्ताङ्क २ को सूचनाबाट तोकिएको कार्यादेशमा;

"(क) देहायको सार्वजनिक पदमा रहेका वा पदबाट सेवा निवृत्त भएका वा हटिसकेका देहायका पदाधिकारी र तिनका परिवार समेतका नाममा स्वदेश तथा विदेशमा रहेको सम्पत्तिको विवरण सङ्कलन गर्ने र सो उपर जाँचबुझ गर्ने,

(१) तत्कालीन श्री ५ को सरकार र नेपाल सरकारका प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री तथा सहायक मन्त्री,

(२) तत्कालीन संसद सदस्य, व्यवस्थापिकाको रूपमा कार्य गर्ने संविधानसभाका सदस्य,

(३) नेपाल अधिराज्यको संविधान, २०४७ नेपालको अन्तरिम संविधान, २०६३ र नेपालको संविधानबमोजिम नियुक्त भई संवैधानिक निकायबाट पदमुक्त भएका वा हटेका प्रमुख तथा पदाधिकारी, पूर्व न्यायाधीशहरू तथा नेपाली सेनाको सेवा निवृत्त राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह र सो भन्दा माथिका अधिकृतहरू,

(४) प्रदेश प्रमुख, प्रदेश सरकारका मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री तथा सहायक मन्त्री,

(५) प्रदेश सभाका सदस्य तथा पदाधिकारी,

सम्पत्ति छानबिन आयोग
केशरमहल, काठमाडौं

(५क) महान्यायाधिवक्ता र मुख्यन्यायाधिवक्ता,

(६) साविकको जिल्ला विकास समिति र हालको जिल्ला समन्वय समितिका पदाधिकारी,

(७) स्थानीय तहका प्रमुख तथा उपप्रमुख, अध्यक्ष तथा उपाध्यक्ष,

(८) नेपाली राजदूतावास तथा कूटनीतिक नियोगका प्रमुख तथा कर्मचारी,

(९) राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह र सो भन्दा माथिको पदका निजामती सेवा, संसद सेवा, स्वास्थ्य सेवा वा राष्ट्रिय मानवअधिकार सेवा, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभागका कर्मचारी,

(१०) कार्यालय प्रमुखको पदमा कार्यरत वा कार्य गरेको निजामती सेवा, संसद सेवा, स्वास्थ्य सेवा, वा राष्ट्रिय मानव अधिकार सेवाको राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहका कर्मचारी,

(११) कार्यालय प्रमुख पदमा कार्यरत वा कार्य गरेको नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभागको राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको कर्मचारी,

(१२) नेपाल राष्ट्र बैंकका गभर्नर, सञ्चालक समितिका पदाधिकारी, डेपुटी गभर्नर, कार्यकारी निर्देशक र राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह र सो भन्दा माथिका कर्मचारी,

(१३) प्रचलित कानून बमोजिम स्थापित सरकारी बैंक तथा वित्तीय संस्था, नेपाल सरकारका आयोग, प्रतिष्ठान, प्राधिकरण, बोर्ड, समिति, केन्द्र आदिका अध्यक्ष, सञ्चालक, कार्यकारी निर्देशक, महाप्रबन्धक, प्रबन्ध निर्देशक, प्रमुख कार्यकारी अधिकृत तथा राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह र सो भन्दा माथिको कर्मचारी,

(१४) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा रहेका सार्वजनिक संस्थानका अध्यक्ष, सञ्चालक, कार्यकारी निर्देशक, महाप्रबन्धक, प्रबन्ध निर्देशक, प्रमुख कार्यकारी अधिकृत तथा राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह र सो भन्दा माथिको कर्मचारी,

(१५) नेपाल सरकारबाट अनुदान प्राप्त गर्ने विश्वविद्यालय, प्रतिष्ठान लगायतका निकायका पदाधिकारी र राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह र सो भन्दा माथिको कर्मचारी,

(१६) राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधान न्यायाधीश, सभामुख, राष्ट्रिय सभाको अध्यक्ष, नेपाल सरकारका मन्त्री वा प्रदेश सरकारको मुख्यमन्त्री, मन्त्री, नेपाल सरकार वा प्रदेश सरकारको राज्यमन्त्री, सहायक मन्त्री वा संवैधानिक निकायका प्रमुख तथा सदस्य वा यस्तै पदमा रहेका

सम्पत्ति छानबिन आयोग
केशरमहल, काठमाडौं
२०८३

व्यक्तिले नेपाल सरकार वा प्रदेश सरकारबाट पारिश्रमिक वा सुबिधा लिने वा नलिने गरी नियुक्त भएका वा नियुक्त नभई कार्य गरेका सल्लाहकार, स्वकीय सचिव, निजी सचिव वा यस्तै पदाधिकारी "भनी यस आयोगको काम, कर्तव्य र अधिकार तोकेकोले माथि उल्लिखित पदाधिकारीहरूको पैतृक तथा आफ्नो पालामा आर्जित चल, अचल सम्पत्ति र त्यसका श्रोतहरु (तलब, भत्ता, विदेश भ्रमण, घर जग्गा, शेयर कारोवार, वित्तीय संस्थाबाट लिएको ऋण, कृषि, पशुपालन, व्यापार, व्यवसाय तथा विप्रेषण लगायतबाट प्राप्त आय तथा व्यय) र सो पुष्टि हुने कागजात आयोगबाट निर्धारित सम्पत्ति विवरण फारामसाथ यो सूचना गोरखापत्रमा प्रकासित भएका मितिले ३० (तीस) दिनभित्र यस आयोगमा आफै वा आफ्नो प्रतिनिधि मार्फत्, हुलाक मार्फत् वा आयोगको इमेल ठेगानामा दाखिला गर्नु हुन सम्बन्धित सबैमा अनुरोध गरिएको छ। माथि उल्लिखित भए मध्येका कुनै पदाधिकारी वा कर्मचारी आ.व.२०४८ सालदेखि आ.व. २०६२/६३ पछि पनि सेवामा कार्यरत रहेको वा सो अवधि पछि सेवाबाट अवकाश पाएको भएपनि एक पटक सम्पत्तिको विवरण पेश गर्नु पर्नेछ। माथि उल्लेख गरिए अनुसारको सम्पत्ति विवरण बुझाउँदा भर्नु पर्ने फाराम यस आयोगबाट प्राप्त गर्न वा आयोगको वेभ साईटबाट डाउनलोड गर्न सकिनेछ। जानीजानी अपूर्ण वा झुट्टा बेहोराको सम्पत्ति विवरण भरी बुझाउने वा तोकिएको अवधि भित्र सम्पत्तिको विवरण नै नबुझाउनेहरूका हकमा कानून वमोजिम हुने बेहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**सम्पर्क ठेगानाः**

सम्पत्ति छानबिन आयोग, २०८३

केशरमहल, काठमाडौं।

फोन नं. ०१-४५४६४८८, ०१-४५४६५८८

वेव साइटः www.pic.gov.np

इमेलः ujuri@pic.gov.np

२०८३/०९/३०

(ऋषिन्द्र प्रसाद पाण्डेय)

शाखा अधिकृत

# उजुरी गर्ने सम्वन्धमा

# सम्पत्ति छानबिन आयोग, २०८३ द्वारा जारी गरिएको

# सार्वजनिक सूचना !

## सूचना नं. २

यस आयोगबाट गोरखापत्रमा आजैका मितिमा प्रकाशित सूचना नं. १ अनुसार स्वतः छानबिनको सूचीमा पर्ने वा सो सूचीमा नपर्ने अन्य जुनसुकै सार्वजनिक जिम्मेवारीमा रहेका राजनीतिक पदाधिकारी तथा कर्मचारीले अस्वभाविक किसिमले गैरकानूनी रुपमा आर्जन गरेको सम्पत्ति आफू र आफ्ना परिवारका सदस्य वा आफन्त वा नाता सम्बन्ध नै नपर्ने अन्य व्यक्तिका नाममा स्वदेश तथा विदेशमा राखेको भन्ने कुराको कुनै सूचना, जानकारी वा प्रमाण भएमा उपलव्ध भएसम्मका प्रमाणसमेत उल्लेख गरी कार्यालय समयमा संभव भएसम्म त्यस्ता व्यक्तिको सम्पर्क नं. तथा इमेल ठेगाना सहितको विवरण जो सुकैले आफ्नो नाम, ठेगाना, सम्पर्क नं. समेत खुलाई यस आयोगमा स्वयं उपस्थित भई वा हुलाक मार्फत् वा आयोगको ई-मेल ठेगानामा उजुर गर्न सकिने छ। सो अनुसारको उजुरी गर्ने उजुरीकर्ताको नाम, थर र वतनसमेतको विवरण आयोगमा गोप्य रहने बेहोरासमेत सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


**सम्पर्क ठेगानाः**

सम्पत्ति छानबिन आयोग, २०८३

केशरमहल, काठमाडौं

फोन नं. ०१-४५४६४८८, ०१-४५४६५८८

वेव साइटः www.pic.gov.np

इमेलः ujuri@pic.gov.np


सम्पत्ति छानबिन आयोग
केशरमहल, काठमाडौं
२०८३

२०८३।०१।३०
(रविन्द्र प्रसाद पाण्डेय)
शाखा अधिकृत